**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः २१ जून २०२६**

समयः १८:५० - १६:०० बजे *(अवधि १० मिनट)*

**<u>प्रमुख समाचार</u>**

- आज 12 औ अन्तरास्ट्रिय योग दिवस पश्चिम बंगालको सबै ब्लक स्तरहरुमा भव्य रुपमा पालन गरियो|
- मुख्य कार्यक्रम कोलकाताको रेड रोडमा आयोजना गरियो जहाँ प्रधानमन्त्री नरेन्द्र मोदी, राज्यपाल आर.एन रबि अनि मुख्यमन्त्री शुभेन्दु अधिकारी उपस्थित हुनुहुन्थ्यो|
- खरसाङ ब्लक पञ्चायत समितिमा भारतीय जनता पार्टीको बोर्ड गठन हुने लगभग निश्चित भएको छ।
- आज सुकेपोखरीमा कार्यकर्ता संवाद कार्यक्रमलाई सम्बोधन गर्दै BGPM का अध्यक्ष अनित थापाले बीजीपीएमले अब पार्टी होइन जाति भन्ने नारा लिएर गाउँघरमा पुग्ने बताउनुभएको छ|
- जलपागडी जिल्लाको मयनागडीमा आज बिहान ठूलो सड़क दुर्घटनामा चार जनाको मृतु भएको छ भने 39 जना भन्दा अधिक घाइते भएका छन्।

**<u>योग दिवस</u>**

आज 12 औ अंतरराष्ट्रीय योग दिवस हो। यस वर्षको विषय रहेको छ- बढदो उमेरको प्रभावलाई रोक्नको लागि योग। यस अवसरमा मध्य प्रदेशको जबलपुरमा 12 औ अंतरराष्ट्रीय योग दिवस समारोहमा राष्ट्रपति द्रौपदी मुर्मुले योग गर्नुभयो। राष्ट्रपतिले भन्नुभयो- योग भारतको महान परंपराको प्रतीक हो जसले स्वस्थ संतुलित अनि सार्थक जीवनको मार्ग देखाउदछ। प्रधानमंत्री नरेंद्र मोदीले कोलकाताको रेड रोडमा कार्यक्रममा योगाभ्यासको नेतृत्व गर्नुभयो। यस अवसरमा श्री मोदीले भन्नुभयो कि विश्वको केही भागहरुमा 21 जून बर्षको सबैभन्दा लामो दिन हुंदछ अनि योगको कारण यो अहिले सबैभन्दा ठुलो सामुदायिक उत्सव बनेको छ।

*Byte*

**<u>योग दिवस समारोह</u>**

दार्जीलिङ हिमालयका उच्च पहाड़ी क्षेत्रहरू सहित पश्चिम बंगालमा अन्तर्राष्टीय योग दिवस भव्य र धूमधामका साथ मनाइयो। वर्ष २०१५ पछि यो पहिलो पटक हो कि राज्यभरिका लगभग सबै ब्लक स्तरसम्म, सरकारी कार्यालयहरू तथा सरकारी माध्यमिक र उच्च माध्यमिक विद्यालयहरूमा अन्तर्राष्टीय योग दिवस हजारौं मानिसहरूको सहभागिता सम्पन्न भयो। मुख्य कार्यक्रम कलकताको रेड रोडमा आयोजना गरिएको थियो जहा प्रधानमन्त्री नरेन्द्र मोदी, राज्यपाल आर.एन रवि र मुख्यमन्त्री शुभेन्दु अधिकारी उपस्थित थिए।

सुन्नुहोस हाम्रा संवाददाता अशोक चौरसियाको एक रिपोर्ट- *बाइट*

**<u>भाजपा- बोर्ड गठन</u>**

खरसाङ ब्लक पञ्चायत समितिमा भारतीय जनता पार्टीको बोर्ड गठन हुने लगभग निश्चित भएको छ। यसैक्रममा पञ्चायत समितिका उप-सभापति श्री नारायण थापा सहित १२ जना पञ्चायत समिति सदस्यहरूले प्रजातान्त्रिक मोर्चा (BGPM) परित्याग गरी भारतीय जनता पार्टीमा औपचारिक रूपमा प्रवेश गरेका छन्।

**अनित थापा**

आज सुकेपोखरीमा कार्यकर्ता संवाद कार्यक्रमलाई सम्बोधन गर्दै BGPM का अध्यक्ष अनित थापाले बीजीपीएमले अब पार्टी होइन जाति भन्ने नारा लिएर गाउँघरमा पुग्ने बताउनुभएको छ। उहाले अझ भन्नुभयो-गोर्खाले लामो समयदेखि राखेको लक्ष्य पूरा गर्न अब एकजुट हुने समय आएको छ। बर्ष 2007 पनि आन्दोलन भएको थियो र जीटीएलाई चौतारी भनेर बिसाइएको थियो। पाउने समयमा जीटीएको कुर्सी रुंगेर नबस्ने भन्दै अनित थापाले जीटीए त्यागेको बताउनु भयो। अब कुनै बाधा नभएकोले जातीय मुद्दामा लाग्नुपर्छ र पार्टीभन्दा जाति ठूलो भन्ने नारालाई मैदानमा उतार्नुपर्छ भनि उहाले अझ बताउनुभएको छ।

**गोर्खा जनमुक्ति युवा मोर्चा**

गोर्खा जनमुक्ति युवा मोर्चा खरसाङ महकुमा समितिद्वारा साथै पार्टी अध्यक्ष बिमल गुरुङको निर्देशन अनुसार खरसाङमा युवा मोर्चाको सभा सम्पन्न भएको छ। सभालाई युवा मोर्चा खरसाङ महकुमा समितिको सचिव अरुण थापाले सञ्चालन गरेका थिए भने सभा युवा मोर्चा खरसाङ महकुमा समितिको सभापति सत्यावन छेत्रीको अध्यक्षतामा सभा सम्पन्न भयो। यस सभामा खरसाङ नगरपालिकाको २० वटा वार्डहरुलाई लिएर युवा मोर्चा टाउन कमिटी गठन गर्न प्रत्येक वार्डबाट एक एकजना सदस्यलाई संयोजक नियुक्ति गरियो।

**सरकारी बस ट्रक दुर्घटना**

जलपागडी जिल्लाको मयनागडीमा आज बिहान ठूलो सड़क दुर्घटना भयो जब नर्थ बङ्गाल स्टेट ट्रान्सपोर्ट कर्पोरेशन (एनबीएसटीसी)- को एउटा बस ट्रकसित ठोक्कियो। घटना मयनागुड़ीको उदलाबाड़ी क्षेत्रमा भएको हो, बस सिलगढ़ीदेखि फालाकाटा तर्फ गइरहेको थियो। प्राप्त जानकारी अनुसार टिस्टा पुल पार गरिसकेपछि बस सड़क किनारमा रहेको एउटा ट्रकसित ठोक्किन पुग्यो। यस घटनामा चार जनाको मृतु भएको छ भने 39 जना भन्दा अधिक घाइते भएको समाचार प्राप्त भएको छ।

**नीट परीक्षा**

नीट-यूजी २०२६ को पुनरपरीक्षा आज कठोर सुरक्षा व्यवस्था बीच आयोजित गरियो। परीक्षा देशको ५ सय ५१ अनि विदेशको १४ शहरहरूमा आयोजित गरियो। यसमा २२ लाख ७६ हजारभन्दा अधिक अभ्यार्थीहरूले भाग लिए। परीक्षाको निम्ति बहुस्तरीय सुरक्षा व्यवस्था गरिएको थियो। यसमा सी.सी.टी.भी निगरानी, आधार आधारित बायोमेट्रिक सत्यापन अनि प्रश्न पत्रहरूको सुरक्षित परिवहनको निम्ति जी.पी.एस युक्त वाहनहरूसित पुलिस सुरक्षाको व्यवस्था सामेल रहेको थियो।

**********